खावासाकी अन्तर्राष्ट्रिय संघ

# KIAN हेल्लो खावासकी

**जापानिज, अंग्रेजी, चाइनिज, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली,**
**तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**
संघको होमपेज(https://www.kian.or.jp/hlkwsk.html) मा पनि प्रकाशित
2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033, जापान
फोन नं.:044-435-7000 फ्याक्स नं.:044-435-7010 https://www.kian.or.jp/ ईमेल:kiankawasaki@kian.or.jp

*****************************************************************************

## खावासाकी अन्तराष्ट्रिय केन्द्र 2025 अन्तर्राष्ट्रिय महोत्सव इन खावासाकी

"**मंगा: अफ्रिकी बालिकालाई जापानमा हुर्काउदाको परिणाम**" का लेखक होशिनो रुनेसँगको अन्तरक्रिया कार्यक्रम (टक शो) मा अवश्य भाग लिनुहोस्! साथै विभिन्न देश र क्षेत्रका संगीत तथा नृत्य, निजी संस्थाहको कार्यगतिविधिको जानकारी, विभिन्न देशको खाना, स्ट्याम्प र्‍याली आदि छ। बच्चा देखि ठुलाहरुले समेत आनन्द लिन सक्नुहुनेछ।

मिति र समय: 2025/11/9 (आइतबार) बिहान 10:00 बाट अपराह्न 4:00
स्थान : खावासाकी अन्तराष्ट्रिय केन्द्र
विषयवस्तु :
- विभिन्न देशको खाना (किचिन कार)
- विभिन्न देशको सामानहरु (विभिन्न देशको शिल्पकलाहरु तथा गहनाहरु आदिको बिक्री
- विभिन्न देशको लोक संगीत तथा नृत्य र जापानको ड्रमको प्रदर्शन
- किमोनो लगाउने, चिया समारोह, टेबलमा खेलिने फुटबल (फुटमेजा) आदिको अनुभव
- परामर्श लिने ठाउँ (प्रशासनिक लेखक, अध्यागमन ब्यूरो, पेन्सन कार्यालय आदि सँगको परामर्श)

आयोजकहरु : अन्तर्राष्ट्रिय महोत्सव कार्यकारी समिति
(खावासाकी अन्तर्राष्ट्रिय निजी संस्थाहरूको परिषद् र खावासाकी अन्तर्राष्ट्रिय संघ)

*****************************************************************************

## खावासाकी शहरमा जीवनयापन शुरु गर्ने विदेशीहरूका लागि जीवनयापन सम्बन्धित जानकारी कार्यक्रम आयोजना गर्नेछौं

-जीवनयापनको लागि उपयोगी आधारभूत जानकारी उपलब्ध गराउनेछौं-

■ पहिलो पटक मिति र समय: नोभेम्बर 12 तारिख (बुधबार) साँझ 7:30 - 8:15
■ दोस्रो पटक मिति र समय: नोभेम्बर 14 तारिख (शुक्रबार) बिहान 10:50 - 11:35
स्थान : खावासाकी अन्तराष्ट्रिय केन्द्र
■ तेस्रो पटक मिति र समय: नोभेम्बर 29 तारिख (शनिबार) बिहान 10:00 - 3:00
स्थान : नाकाहारा सिभिक हल
(नाकाहारा कोदोमो मिराई फेशुता भित्र)
■ सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय संघ
**फोन नं.** : 045-435-7000 **ईमेल** : soudan39@kian.or.jp




*****************************************************************************


## ठगीबाट सावधान रहनुहोस्!

जापानमा विदेशीहरु ठगीको शिकार हुने घटनाहरु बढेको छ। उदाहरणका लागि अध्यागमन विभागको कर्मचारी अथवा प्रहरी हु भनि फोन गरेर ठग्ने, बैंकको खाता अथवा क्रेडिट कार्ड छलपूर्ण प्रयोग गर्ने, पर्यटकहरुको व्यवस्थामा घोटाला गर्ने आदिलाई लिन सकिन्छ। जापानिज भाषा तथा प्रणालीको ज्ञानको कमीको फाइदा उठाएर गरिएको ठगीहरु धैरै छन्। यदि ठगीको शिकार हुनुभएको छ भने तलको संस्थामा सम्पर्क गर्नुहोस्।

- **हो-तेरासु (कानूनी मामिला ब्यूरो):** बहुभाषिक कानुनी सहयोग उपलब्ध छ। फोन: 0570-078-374 बिदाका दिनहरु बाहेक बिहान 9:00 बाट साँझ 5:00
- **प्रहरी कार्यालय अथवा परामर्श केन्द्र:** #9110 (देश भरि एउटै नं.) मा फोन गर्नुहोस् अथवा नजिकको प्रहरी कार्यालय गएर परामर्श लिनुहोस्।
- **उपभोक्ता मामिला केन्द्र**: उपभोक्ता हटलाइन 188 (इयाया) प्रयोग गरेर ठगी सम्बन्धी परामर्श लिन सक्नुहुन्छ। (जापानिज भाषा मात्र)

# विदेशीहरूका लागि रमाइलो र उपयोगी जापानी भाषाका कक्षाहरू

**10 जना जतिको समूह बनाएर समूहमा पढाईन्छ। जापानिज संस्कृति, आफु बस्ने क्षेत्र र त्यहाँ आईपर्ने प्राकृतिक प्रकोपको बारेमा बुझ्नको लागि आवश्यक कार्यक्रमहरु पनि हुन्छ।**



**दोस्रो सेमेस्टर बिहानको कक्षा**

बार : मंगलबार र शुक्रबार (9:50 बाट 11:50)

मिति : 2025/9/12 देखि 2025/11/14

कक्षा : 18 पटक

शुल्क : 9,900 येन (पुस्तकको शुल्क छुट्टै लाग्ने)

※**बच्चा हेरिदिने सुविधा छ।** (1 वर्ष भन्दा माथिको, नि:शुल्क)

**दोस्रो सेमेस्टर बेलुकीको कक्षा**



बार : बुधबार (18:30 बाट 20:30)

मिति : 2025/9/3 देखि 2025/11/12

कक्षा : 11 पटक

शुल्क : 6,050 येन (पुस्तकको शुल्क छुट्टै लाग्ने)

※**बच्चा हेरिदिने सुविधा छैन।**

550 येन तिरि एक पटक परीक्षण कक्षा भाग लिएर हेर्न सक्नुहुन्छ। नहिचकिचाइ कक्षामा भाग लिएर हेर्ने होइन् ?

स्थान : खावासाकी अन्तराष्ट्रिय केन्द्र सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय संघ

फोन नं. : 045-435-7000 ईमेल : kiankawasaki@kian.or.jp

*************************************************************************************

## खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्नहरु भएमा अथवा केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोस्। (नि: शुल्क हो।)**

**ZOOM प्रयोग गरेर अनलाइन परामर्श पनि लिन सक्नुहुन्छ। !**

बुकिंग होमपेज बाट गर्नुहोस्

परामर्शको समय: **बिहान 9 बजे बाट 5 बजे (खाजाखाने छुट्टीमा पनि परामर्श सेवा उपलब्ध छ।)**

प्रत्यक्ष सम्पर्क फोन नं.: **044-455-8811**

**परामर्श दातासँग प्रत्यक्ष, फोन, ईमेल, अनलाइन आदि मार्फत परामर्श लिन सक्नुहुन्छ।**

**भाषा अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभए पनि फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सक्नुहुन्छ।**

| भाषा | बार | समाधान गर्ने तरिका |
|---|---|---|
| सजिलो जापानिज, अंग्रेजी, चाइनिज, पोर्तुगाली, स्पेनिश, तागालोग, नेपाली, कोरियान, थाई, भियतनामी | सोमबार देखि शनिबार | परामर्श दाताले बोल्न सक्ने भाषाहरु (**नोट**) बार अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभए पनि फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श गरिनेछ। |
| इन्डोनेसियाली | सोमबार देखि शुक्रबार | |
| हिन्दी, फ्रान्सेली, रुसी, मलाय, बर्मेली | सोमबार देखि शुक्रबार | फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सक्नुहुन्छ। |

अनलाइन परामर्शको आवेदनको लागि

खावासाकी अन्तर्राष्ट्रिय संघको होमपेज

## प्रशासनिक अधिकृतबाट नि:शुल्क परामर्श

प्रशासनिक अधिकृतसँग परामर्श लिन सक्ने विषयहरु धेरै भएता पनि मुख्यतया **विभिन्न लाइसेन्सहरुको आवेदन, उत्तराधिकार सम्बन्धित प्रक्रियाहरु, भिषा सम्बन्धित प्रक्रियाहरु, कम्पनी स्थापना, सम्झौता पत्रहरुको तयारी, उत्तराधिकार सम्बन्धि इच्छापत्र तयारी** आदि हुन।

**प्रत्येक महिनाको तेस्रो आइतबार** परामर्श सेवा उपलब्ध छ। जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि सशुल्क अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सक्नुहुन्छ।

2025/10/19 (आइतबार) दिउँसो 2 बजे बाट 4 बजे (केन्द्रको दोस्रो तल्ला संघको बैठक कोठा)

2025/11/9 (आइतबार) बिहान 10 बजे बाट 4 बजे (2025 अन्तर्राष्ट्रिय महोत्सव इन खावासाकी)